# उत्तरगया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## लहरेपौवा,रसुवा

### बागमति प्रदेश, नेपाल

प.सं :०७७।०७८
च.नं : १६०६

मिति : २०७८।२। १३

श्री सबै सामुदायीक तथा संस्थागत विद्यालयहरु

उत्तरगया गाउँपालिका

लहरेपौवा,रसुवा

विषय : आधारभूत तह कक्षा ८ का विद्यार्थीहरुको मूल्याङ्कन (परीक्षा) सम्वन्धमा ।

प्रस्तुत विषयमा कोभिड १९ को दोश्रो चरणको महामारी देशव्यापी रुपमा फैलिरहेको र संकमण दर निकै उच्च हुँदै गईरहेकाले साथै जिल्लाले पनि निषेधआज्ञा जारी गरेको अवस्थामा शै.स २०७७ को आधारभूत तह (कक्षा ८) परीक्षा विद्यार्थीको प्रत्यक्ष उपस्थिती गराई परीक्षा संचालन गर्ने संम्भावना नदेखिएको हुँदा कक्षा ८ को विद्यार्थी मूल्याङ्कन गर्न यस उत्तरगया गाउँपालिकाको परीक्षा समन्वय समितिको सिफारिस अनुसार मिति २०७८।०२।१३ गते बसेको शिक्षा समितिको बैठकको निर्णयानुसार तपसिलको आधारमा विद्यार्थी मूल्याङ्कन गरी हार्ड कपी समेत प्रधानाध्यापकले प्रमाणित गरी मिति २०७८।२।२८ गते सम्म गाउँपालिका शिक्षा शाखामा बुझाउनु हुन निर्णयानुसार अनुरोध छ

<u>मूल्याङ्कनका आधारहरु :</u>

क) १)शै.स २०७७ मा लिईएको प्रथम परीक्षाबाट विद्यार्थीले प्राप्त गरेको अंकबाट ३० प्रतिशत

२) शै.स २०७७ मा लिईएको दोश्रो परीक्षाबाट विद्यार्थीले प्राप्त गरेको अंकबाट ५० प्रतिशत

३)आन्तरिक निरन्तर विद्यार्थी मूल्याङ्कन( विद्यार्थी हँजिरी,कक्षा कार्य ,परियोजना कार्य,अतिरिक्ति कियाकलाप,गृहकार्य) बाट विद्यार्थीले प्राप्त गरेको अंकबाट २० प्रतिशत

ख)शै .स २०७७ मा कक्षा ८मा अध्ययन गर्ने विद्यार्थीहरुको माथिका आधारमा मूल्याङ्कन गरी **EMIS**मा प्राक्टिकल अंक र सैध्दान्तिक अंक मिति २०७८।२।२८ गते भित्र प्रविष्ट गरी सकी प्रधानाध्यापकले प्रमाणित गरेको हार्ड कपी समेत गाउँपालिका शिक्षा शाखामा बुझाउनुहुन अनुरोध गरिन्छ ।

नोट : कक्षा ८ बाहेकका कक्षाहरु (१,२,३,४,५,६,७,९) को पनि माथिका आधारहरु तथा पाठ्कमले व्यवस्था गरे वमोजिम विद्यालयहरुले विद्यार्थी मूल्याङ्कन गरेर मिति २०७८।२।२८ गते नतिजा प्रकाशन गरी उक्त नतिजाको जानकारी उपयुक्त माध्यमबाट विद्यार्थीहरु र अभिभावकहरु समक्ष पुऱ्याई २०७८असार पहिलो हप्ताबाट नयाँ शैक्षिक सत्र संञ्चालन गर्ने गराउने व्यवस्था मिलाउन सम्वन्धित सबै विद्यालयहरुलाई अनुरोध छ

बाबुराम खनाल

शिक्षा शाखा प्रमुख

शिक्षा शाखा प्रमुख